**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**कोशी प्रदेशको**
**तिर्न बाँकी शुल्क, दस्तुर, व्याज र जरिवाना छुट सम्बन्धी सूचना**

**१. सवारी साधन कर** — कुनै सार्वजनिक तथा निजि सवारी साधनले पाँच वर्ष भन्दा बढी अवधिको सवारी कर तिर्न बाँकी रहेछ र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा पछिल्लो एक आर्थिक वर्षको सवारी साधन कर २०८१ असार मसान्त भित्र बुझाएमा अन्य तिर्न बाँकी शुल्क, दस्तुर तथा जरिवाना छुट दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गरिनेछ। साथै निजि सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर एकमुष्ठ रुपमा दुई वर्षदेखि पाँच वर्षसम्मका लागि बुझाउन सकिनेछ।

**२. मनोञ्जन कर** — विगत आर्थिक वर्षको संकलित मनोरञ्न कर एकमुष्ठ रुपमा २०८० साल पौष मसान्त सम्ममा बुझाएमा सो मा लाग्ने व्याज छुट दिइने छ।

**३. प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क** — यस अघि प्रदेशभित्र उत्पादन भएको सिमेन्टमा प्राकृतिक स्रोत उपयोग वापत प्रति बोरा लगाइएको तिर्न बाँकी शुल्क २०८० पौष मसान्त सम्ममा प्रचलित दरका आधारमा एकमुष्ठ ५० प्रतिशत बुझाएमा बाँकी शुल्क, जरिवाना र व्याज छुट दिइने छ।

## अनुसूची - २

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जीप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १००० सी.सी. सम्म | रु. २३०००।- |
| (आ) १००१ देखि १५०० सी.सी. सम्म | रु. २५०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. ३२०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३८०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ४४०००।- |
| (ऊ) २९०१ सी.सी. देखि ३५०० सी.सी. सम्म | रु. ६३०००।- |
| (ए) ३५०१ सी.सी. देखि माथि सबै | रु. ७००००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४१०००।- |
| (आ) मिनीटिपर | रु. ३००००।- |
| **(ग) अटो रिक्सा,थ्री ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा थ्री ह्वीलर र टेम्पो | रु. ६०००।- |
| (आ) ट्रेक्टर | रु. ६०००।- |

| | |
|---|---|
| (ई) पावर टिलर | रु. ४०००।- |
| **(घ) मिनिट्रक, मिनिबस** | रु. २७०००।- |
| **(ङ) ट्रक र बस** | रु. ३६०००।- |
| **(च) मोटर साइकल तथा स्कुटर** | |
| (अ) १२५ सी.सी. सम्मको | रु. ३०००।- |
| (आ) १२६ सी. सी. देखि १६० सी. सी. सम्म | रु. ४५००।- |
| (इ) १६१ देखि २५० सी.सी. सम्म | रु. ६०००।- |
| (ई) २५१ देखि ४०० सी.सी. सम्म | रु. ११०००।- |
| (उ) ४०१ सी.सी. र सो भन्दा माथि | रु. २००००।- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | |
| **सवारीको किसिम** | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु. ९०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. १०५००।- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु. १२७५०।- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु. १५०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु. १८०००।- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | रु. २००००।- |
| **(ग) अटो रिक्सा, थ्री व्हिलर, टेम्पो, टेक्टर र पावर टिलर** | |
| (अ) अटो रिक्सा, थ्री व्हिलर, टेम्पो | रु. ४५००।- |
| (आ) ट्रेक्टर | रु. ४५००।- |

| | |
|---|---|
| (इ) पावर टिलर | रु. ३०००।- |
| **(घ) मिनीट्रक, मिनीबस** | रु. १४०००।- |
| **(ङ) मिनी ट्रिपर** | रु. १६७५०।- |
| **(च) ट्रक, बस, पानी ट्यांकर** | रु. १९०००।- |
| **(छ) तेल ट्यांकर** | रु. २००००।- |
| **(ज) ग्यास बुलेट** | रु. २२०००।- |
| **३. निजि विद्युतीय सवारी साधनमा देहायबमोजिम सवारी साधन कर लाग्नेछ** | |
| **(क) इ रिक्सा तथा अन्य तीन पाङ्ग्रे सवारी** | |
| (अ) ४९९ वाट सम्म | रु. १८००।- |
| (आ)५०१ देखी १००० वाटसम्म | रु २०००।- |
| (इ) १००१ देखि १५०० वाटसम्म | रु २५००।- |
| (ई) १५०१ देखि २००० वाटसम्म | रु ३०००।- |
| (उ) २००० वाटभन्दा माथि सबै | रु ४०००।- |
| **(ख) मोटरसाइकल/स्कुटर** | |
| (अ) ३४९ वाट सम्म | रु. १८००।- |
| (आ)३५० देखि १००० वाटसम्म | रु २०००।- |
| (इ) १००१ देखी १५०० वाटसम्म | रु २५००।- |
| (ई) १५०१ देखि २००० वाटसम्म | रु ३०००।- |
| (उ) २००१ देखि माथि सबै | रु ४०००।- |
| **(ग) कार, जीप, भ्यान, माइक्रोबस र बस** | |
| (अ) ४९ किलोवाट सम्म | रु. १००००।- |

| | |
|---|---|
| (आ)५० देखि १२५ किलो वाटसम्म | रु १५०००।- |
| (इ) १२६ देखी २०० किलो वाटसम्म | रु २००००।- |
| (ई) २०१ किलोवाट देखि माथि सबै | रु ३००००।- |
| **४. भाडाको विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ।** | |
| **(क) इ-रिक्सा तथा अन्य तीन पाङ्ग्रे सवारी** | |
| (अ) ४९९ वाट सम्म | रु. ५००।- |
| (आ) ५०० देखी १००० वाटसम्म | रु १०००।- |
| (इ) १००१ देखी १५०० वाटसम्म | रु १२००।- |
| (ई) १५०१ देखि २००० वाटसम्म | रु १५००।- |
| (उ) २००१ वाट भन्दा माथि सबै | रु २०००।- |
| **(ख) कार, जीप, भ्यान, माइक्रोबस र बस** | |
| (अ) ४९ किलोवाट सम्म | रु. ८०००।- |
| (आ) ५० देखि १२५ किलो वाटसम्म | रु १२०००।- |
| (इ) १२६ देखी २०० किलो वाटसम्म | रु १५०००।- |
| (ई) २०१ किलोवाट देखि माथि सबै | रु १८०००।- |

| | |
|---|---|
| ५. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाममा दर्ता भएका सवारी साधनहरूलाई क्र.सं. (२) बमोजिम लाग्ने सरह कर लाग्नेछ। |
| ६. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर, ब्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ७. | कुनै सवारी धनीले आफ्नो सवारी साधन बिग्रीई वा अन्य कुनै कारणले पुन: सञ्चालनमा आउन नसक्ने भए लगत कट्टाको मिति सम्मको सवारी साधन कर तथा दस्तुर तिरी लगत कट्टा गर्न सक्नेछ। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी |

| | |
|---|---|
| | प्रतिशत छुट पाउनेछन्। यो छुट सामुदायिक विद्यालयको नाममा दर्ता भएको विद्यार्थी बोक्ने सवारी साधनलाई समेत हुनेछ। |
| ९. | निजी सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर एकमुस्ट रुपमा दुई वर्षदेखि पाँच वर्षसम्मका लागि बुझाउन सक्नेछ। नवीकरणको हकमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ बमोजिम हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | क्र.सं. (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२. | पाँच लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन केताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३. | यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। त्यस्तो सवारी साधन अपाङ्गता भएका व्यक्ति बाहेक अन्यले प्रयोग गरेको पाइएमा छुट सुविधा पाइने छैन। |
| १४. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। |
| १५. | बीस वर्ष आयु पुरा भई सार्वजनिक सवारी साधन स्क्रयापमा गएको वा सञ्चालन गरी जफत गरिएको वा सवारी दुर्घटनामा परी स्क्रयापमा गई लामो समयसम्म सञ्चालनमा नरहेको अवस्थामा त्यस्ता सवारी साधनले वार्षिक रुपमा तिर्नुपर्ने सवारी कर, दस्तुर तथा जरिवाना नतिरेको कारणले दर्ता खारेजी गरेको रहेनछ भने त्यस्ता सवारी साधनमा लाग्ने कर, शुल्क तथा दस्तुरमध्ये एक आ.व. २०८०/०८१ को सवारी कर मात्र २०८१ असार मसान्तसम्म बुझाएमा अन्य तिर्न बाँकी शुल्क, दस्तुर तथा जरिवाना छुट दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गरिनेछ। |
| १६. | कुनै सवारी दुर्घटनामा परी वा वाढी, पहिरो, आगजनी जस्ता दैवि प्रकोपमा परी वा हराई वा नासिई त्यस्तो सवारीको चेसिस र इन्जिनको टुक्रा दर्ता खारेज प्रयोजनार्थ सम्वन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउन नसकिने अवस्था भएमा प्रहरी मुचुल्का र सम्वन्धित स्थानिय तहको सिफारिसमा सो ब्यहोरा उल्लेख भै आएमा लाग्ने कर असुल गरी दर्ता कितावबाट दर्ता खारेज गर्न सकिने छ। |
| १७. | कुनै सार्वजनिक तथा निजी सवारी साधनले पाँच वर्ष भन्दा बढी अवधिको सवारी कर तिर्न बाँकी रहेछ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा पछिल्लो एक आर्थिक वर्षको |

| | |
|---|---|
| | सवारी साधन कर २०८१ असार मसान्त भित्र बुझाएमा अन्य तिर्न बाँकी शुल्क, दस्तुर तथा जरिवाना छुट दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेजी गरिनेछ। |
| १८. | अन्य प्रदेशको सरुवा सहमतिबाट आर्थिक वर्ष २०७९।८० मा यस प्रदेशमा दर्ता भएका सवारी साधनहरुलाई आ.व. २०८०।८१ मा लाग्ने सवारी साधन करमा पचास प्रतिशत छुट हुनेछ। |
| १९. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका सवारी साधन प्रचलित कानून बमोजिम लिलाम गर्दा कर तिर्न बाँकी रहेछ भने बाँकी अवधीको सवारी साधन कर छूट गरी त्यस्तो सवारी साधनको दर्ता किताववाट लगत कट्टा गरिने छ। |

**अनुसूची - ३**

**(दफा ५ सँग सम्बन्धित)**

**मनोरञ्जन कर**

| सि.नं. | शीर्षक | मनोरञ्जन करको दर | कैफियत |
|---|---|---|---|
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ५% | |
| २ | भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर, नाटक घर (टिकट मूल्यको) | ५% | |
| ३ | दोहोरी साँझ, डान्स बार (वार्षिक रु.) | ७०००।- | |
| ४ | फन पार्क, पार्क, स्काइ वाक, मनोरञ्जनजन्य यातायात(वाटर जेटबोट, स्टिमर), अपेरा, वाटर गार्डेन, मनोरञ्जनात्मक खेलकुद प्रतियोगितामा दर्शकहरुबाट लिइने प्रवेश टिकट वा शुल्क, उद्यान, बाल उद्यान लगायत मनोरञ्जनात्मक स्थलको प्रवेश तथा सो भित्रका आन्तरिक मनोरञ्जनात्मक विभिन्न क्रियाकलापको टिकट मूल्यको | ५% | |
| ५ | मेला, महोत्सव, प्रदर्शनी, जादु, चटके, सर्कस, सांस्कृतिक कार्यक्रम तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गराए बापत प्रतिदिन रु (एक महिना/३० दिन भन्दा कम अवधिको) | महानगरपालिका/ उपमहानगरपालिका रु ५०००। नगरपालिकामा रु ३०००। गाउँपालिकामा रु १०००। | |
| ६ | एक महिना (३० दिन) भन्दा बढी मेला, महोत्सव, प्रदर्शनी, जादु, चटके, सर्कस, सांस्कृतिक कार्यक्रम तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गराए बापत रु | महानगरपालिका/ उपमहानगरपालिका रु १०००००। | |

| | | | |
|---|---|---|---|
| | | नगरपालिकामा रु ७५०००। <br> गाउँपालिकामा रु ३००००। | |
| ७ | नाइट क्लब, स्वीमिङ पुल, जुम्बा(अन्य सोही प्रकृतिका नाच), मसाज एवं स्पा, डिस्को, पुलहाउस, नृत्यशाला वा नाचघर, रोदीघर, फुटसल सञ्चालन गरेबापत वार्षिक | ७०००। | |
| ८ | नेपाली चलचित्रको प्रदर्शनमा सि. नं. १ मा उल्लेखित दरमा ५० प्रतिशत छुट हुनेछ। | | |
| ९ | क्यासिनो प्रवेश गर्ने ग्राहकबाट प्रतिव्यक्ति रु १००।- मनोरञ्जन शुल्क लिनु पर्नेछ। | | |
| १० | विगत आर्थिक वर्षको संकलित मनोरञ्जन कर एकमुष्ठ रुपमा २०८० साल पौष मासान्त सम्ममा बुझाएमा सो मा लाग्ने व्याजमा छुट दिइने छ। | | |
| ११ | सि. नं. ५ र ६ बमोजिम मेला, महोत्सव, सर्कस, कार्यक्रम सञ्चालनको अनुमतिको लागि स्थानीय तहमा सिफारिस लिन आउँदा कति दिन सम्मको हो सो अनुसारको मनोरञ्जन कर लिएर सिफारिस गर्नुपर्नेछ। | | |
| १२ | यस अनुसूची अनुसारको मनोरञ्जन कर मुल्यअभिवृद्धि कर बाहेकको टिकट मुल्यमा लगाइने छ। | | |

**अनुसूची - ५**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क**

| सि.नं. | शीर्षक | इकाई | दर (रु.) |
|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल,चट्टान, स्लेट, चुनढुंगा, खरिढुंगा, अभ्रख, कटिङ ढुंगा विक्रि वा घाटगद्दी (स्वीकृत खानी र वन क्षेत्र बाहेक) | प्रति क्यू .फिट | ७।- |
| २. | बालुवा, चिप्स विक्रि वा घाटगद्दी (स्वीकृत खानी र वन क्षेत्र बाहेक) | प्रति क्यू .फिट | ६।- |
| ३. | माटो, भरौट, बलौट विक्रि वा घाटगद्दी (स्वीकृत खानी र वन क्षेत्र बाहेक) | प्रति क्यू .फिट | ४।- |
| ४. | काठ दाउरा(दहत्तर बहत्तर समेत) | प्रतिकेजी | ६।- |

<table>
<tr><td>५.</td><td>गत वर्ष संकलन भई बाँकी ढुंगा, गिटी, बालुवाको स्टक प्रमाणित, नदीजन्य पदार्थ प्रशोधन उद्योगको समेत(प्राविधिक प्रतिवेदन अनुसार)</td><td>प्रतिक्यूफिट .</td><td>०।५०</td></tr>
<tr><td>६.</td><td>निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको ढुंगा, गिटी, रोडा, ग्राभेल, बालुवा विक्रिको लागि अनुमति दस्तुर</td><td>प्रतिक्यूफिट .</td><td>०।५०</td></tr>
<tr><td>७.</td><td>निजी जग्गा वा व्यक्तिको स्वामित्वको जग्गाको माटो, भरौट, बलौट, विक्रिको लागि अनुमति दस्तुर</td><td>प्रति घनमिटर</td><td>१।५०</td></tr>
<tr><td>८.</td><td colspan="3">माथि उल्लेखित सि.नं .१-३ सम्मको शुल्क बापतको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ।</td></tr>
<tr><td>९.</td><td colspan="3">"ढुङ्गा, गिट्टी, बालवुा, माटो, चट्टान, दहत्तर, बहत्तर" भन्नाले बहुमूल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकलाई सम्झनुपर्छ।</td></tr>
<tr><td>१०.</td><td colspan="3">व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br><br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछः<br><br>(क) साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृत भएको हुनुपर्ने छ।<br><br>(ख) माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, सार्वजनिक तथा मानवीय वासस्थान, भौगोलिक संरचना, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना, कुलो, नहर, सडक, सार्वजनिक तथा व्यक्तिगत भवन लगाएतको संरचना, आदीमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ।</td></tr>
<tr><td>११.</td><td colspan="3">यस अघि प्रदेशभित्र उत्पादन भएको सिमेण्टमा प्राकृतिक स्रोत उपयोगबापत प्रति बोरा लगाइएको तिर्न बाँकी शुल्क २०८० पुस मसान्त सम्ममा प्रचलित दरका आधारमा एकमुष्ठ ५० प्रतिशत बुझाएमा बाँकी शुल्क, जरिवाना र व्याज छुट दिइनेछ। यसरी संकलित भएको शुल्क स्थानीय तहले संकलन गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।</td></tr>
</table>